नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा

फोन नं. ०१०-५४०१३१
हटलाईनः ०१०-५४००१९(२४सैं घण्टा)
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः daorasuwa.moha.gov.np
Google+ code: 476K+J6

बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं :-

## प्रेस-नोट

प्रमुख जिल्ला अधिकारी नवराज जैसीको संयोजकत्वमा रसुवा जिल्ला, प्रशासनको तर्फबाट जिल्लास्थित सुरक्षा निकायका प्रमुख (नेपाली सेना वाहेक) र प्रमुख भन्सार अधिकृत सहितको सहभागितामा मित्रराष्ट्र चीनको Director, Management Committee of Griyong port का Da Chun को नेतृत्वमा Counterpart को WeChat मार्फत भर्चुअल बैठक सम्पन्न भएको व्यहोरा जानकारीका लागि सादर अनुरोध छ।

**प्रमुख जिल्ला अधिकारीको तर्फबाट प्रस्तुत मन्तव्यः**

नेपाल र चीनबीच औपचारिक (दौत्य) सम्बन्ध सन १९५५ अगस्त १ मा भए तापनि दुबै देशका जनताबीच युगौंयुगदेखि मैत्रीपूर्ण सम्बन्ध रहँदै आएको र दौत्य सम्बन्ध पश्चात विभिन्न समयमा भएका दुई देशका राष्ट्र प्रमुखहरु, सरकार प्रमुखहरु, अन्य राजनीतिक तथा प्रशासनिक पदाधिकारीहरु तथा नागरिकहरुको भ्रमणले आपसी सम्बन्ध, सहयोग र समझदारीलाई प्रगाढ बनाएको छ।

नेपालमा सन् २०१५ मा आएको विनाशकारी भूकम्प पश्चातको उद्धार, पुनर्निर्माण तथा प्रकोप निवारण क्षमता विकासमा चीन सरकारले गरेको सहयोग अतुलनीय रहेको अवस्थामा पुनः कोभिड-१९ को विश्वव्यापी महामारी रोकथाम र यसबाट सुरक्षित रहन चीनले नेपाललाई आवश्यक भ्याक्सीन लगायतका स्वास्थ्य सामग्रीहरू निरन्तर रुपमा सहयोग गर्दैआएको सन्दर्भलाई दृष्टिगत गर्दा चीन सरकारले नेपालको दुःखमा सधैँ साथ दिँदैआएको अनुभुती हुन्छ। यस सहयोगका लागि नेपाल सरकार गणतन्त्र चीन सरकारप्रति हार्दिक आभार व्यक्त गर्दछ।

नेपालले कुनै शक्ति केन्द्रको सामिप्यतामा होईन, संयुक्तराष्ट्र संघको बडापत्र, असंलग्नता, पञ्चशीलको सिद्धान्त, अन्तराष्ट्रिय कानून र विश्वशान्तिको मान्यताका आधारमा छिमेकी मित्रराष्ट्र र अन्य मित्रराष्ट्रहरुसँग सम्बन्ध र सद्भाव कायम गरिरहेको छ। नेपालको भुभागबाट छिमेकी मित्रराष्ट्रहरु तथा अन्य मित्रराष्ट्रहरुको विरुद्ध कोही कसैबाट कुनै पनि खालको अवान्छित क्रियाकलाप हुन नदिन नेपाल सरकार हरदम सचेत र सजक छ। हामी एक चीन नीतिमा दृढ छौं। एक चीन नीति विरुद्ध हुनसक्ने जुनसुकै खालका गतिविधिहरु समय मै निरुत्साहित र नियन्त्रण गर्न नेपाल सरकार निरन्तर क्रियाशील रहेने गरेको छ।

पछिल्ला वर्षहरुमा नेपाल र चीनबीचको आपसी सहयोग, सम्बन्ध र समझदारीमा भएको प्रगाढताले अहिले चीन नेपालमा सर्वाधिक वैदेशिक लगानी गर्ने, दोस्रो ठूलो व्यापार साझेदार र दोस्रो ठूलो पर्यटक पठाउने देश बनेको छ। नेपालको शिक्षा, स्वास्थ्य, सडक, सूचना प्रविधि र विद्युत लगायतका क्षेत्रमा चीन सरकाले गरेको सहयोगले नेपालको गरिबी न्यूनिकरण र मानव विकासमा अतुलनीय योगदान पुगेको छ। चीनबाट नेपालतर्फ निर्यात हुने तयारी पोसाक, खाध्यान्न लगायतका अन्य उपभोग्य बस्तुहरु तथा विविध मेशिनरी सामानहरुले एकातर्फ आम नेपाली नागरिकहरुले सस्तो र गुणस्तरीय सामान उपभोग गर्न पाईरहेका छन भने अर्कोतर्फ नेपाली बजारमा चीनियाँ सामानको प्रभाव दिन प्रतिदिन बढी रहेको अवस्था छ। तथापी विश्वव्यापी महामारीको रुपमा रहेको कोभिड १९ का कारण २०७६ माघ १५ गते देखि २०७७ जेठ २२ गते (January 29,2020 – June 4, 2020) सम्म रसुवागढी नाका पूर्णरुपमा बन्द र तत्पश्चात अत्यन्त न्यून मात्राको सामान निर्याततले दुई पक्षीय व्यापारमा असहजता भएको छ। कोभिड १९ को प्रभाव चीन र नेपाल लगायत विश्वभरी नै न्यून हुँदै गएको र रसुवा जिल्ला Fully vaccinated जिल्ला भैसकेकोले स्वास्थ्य सुरक्षा मापदण्डकासाथ कोभिड पूर्वको अवस्था बमोजिम रसुवागढी नाका सञ्चालन

फोन नं. ०१०-५४०१३१
हटलाईनः ०१०-५४००१९(२४सैं घण्टा)
ईमेलः rasuwadao@gmail.com
वेवसाईटः daorasuwa.moha.gov.np
Google+ code: 476K+J6
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं :-

हुने व्यवस्थाका लागि हामी मित्रराष्ट्र चीन सरकारसँग हार्दिक आग्रह गर्दछौं । यदि अन्य कुनै कारणले यस रसुवागढी नाका पूर्णरुपमा सुचारु गर्न नसकिने अवस्था भएमा चीन सरकारबाट हामी देहाय अनुसारको सहयोगको अपेक्षा गर्दछौं ।

- रसुवागढी नाकाबाट हाल दैनिक ९ वटा कन्टेनरबाट मात्र मालसामान आयात हुँदै आएकोमा दैनिक कम्तिमा २५ वटा कन्टेनरबाट मालसामान आयात हुने व्यवस्था हुन ।
- हाल यस नाकाबाट चीनियाँ मालसामान मात्र आयात भैरहेकोमा नेपालतर्फबाट पनि नेपाली मालसामान चीनतर्फ निर्यात हुने व्यवस्था हुन ।
- केरुङमा व्यपार व्यवसाय गरेका केही नेपालीहरु कोभिडका कारण भएको लकडाउन पश्चात केरुङ फर्किन नपाएका कारण अहिलेसम्म पनि केरुङमा घरभाडा तिर्नु परिरहेको गुनासो छ । यस विषयमा आवश्यक सहजिकरण गरी दिने व्यवस्था हुन ।
- नेपालले चीनबाट करिब चालिस हजार मेट्रिक टन रासायनिक मल आयात गर्ने निर्णय गरेकोमा अँझै करिब पच्चिस हजार मेट्रिक टन रासायनिक मल नेपालमा आयात हुन नसकेकोले उक्त पच्चिस हजार मेट्रिक टन मल ग्रिन च्यानलबाट नेपाल निर्यात हुने व्यवस्था गरी दिनु हुन ।
- चीन सरकारको अनुदानमा रसुवा जिल्लाको टिमुरेमा निर्माण हुनलागेको सुख्खा बन्दरगाहा निर्माण कार्यलाई शीघ्रता दिनु हुन ।
- नेपालको गल्छि-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी सडक मध्ये चीन सरकारको अनुदानमा निर्माण हुन लागेको स्याफ्रुवेशी रसुवागढी सडक खण्ड निर्माण कार्य प्रारम्भ गरी दिनु हुन ।
- सिमा नाकामा हुन सक्ने अवैध वस्तुको चोरी निकासी पैठारी र अपराध नियन्त्रणमा विशेष सतर्कता अपनाई दिनु हुन ।

अन्त्यमा
नेपाल र चीनको भुगोललाई सुन्दर हिमाल र पवित्र नदीले जोडेबाट पनि नेपाल र चीनबीचको सम्बन्ध नदीजस्तै पवित्र, सुन्दर हिमाल जस्तै विशाल र अटल तथा सौहार्दपूर्ण, सद्भावमय, र मित्रवत् छ र रही रहनेछ।हामी Health Protocol पालना गर्दै जतिसक्यो छिटो यहाँहरुसँग भौतिक उपस्थितिका बीच द्विपक्षीय वार्ता हुने कुरामा आशावादी छौं ।

**मित्रराष्ट्र चीनका** Griyong County **का मेयर एवम्** Management Committee Of Griyong port **का** Director **को तर्फबाट उठान भएका मुख्य विषयहरु:**

- सीमा सुरक्षामा प्रभावकारी भुमिका निर्वाहका लागि अनुरोध ।
- कोभिड-१९ नियन्त्रण एवं रोकथाममा सहयोग पुऱ्याई दिन अनुरोध ।
- सिमा नाकामा हुन सक्ने वन्यजन्तु चोरी निकासी तथा अपराध नियन्त्रणमा सहयोगका लागि अनुरोध ।
- नेपाल पक्षको माग बमोजिम रसुवागढी नाकाबाट हाल दैनिक रुपमा नेपाल भित्रिने गरेको कन्टेनर संख्यामा यथाशिघ्र थप संख्या वृद्धि गर्न चीन सरकार तयार रहेको जानकारी प्रदान ।
- सिमा क्षेत्रमा हुने वन डढेलो नियन्त्रण गर्न विशेष पहल गर्न अनुरोध ।

**मितिः २०७८।११।२६**

२०७८/११/२६
..............................
नवराज जैसी
प्रमुख जिल्ला अधिकारी